# मिति २०८१/९ /७ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | अजय कुमार साफी भन्ने अजय रजक<br><br>(विशेष अदालतको मुद्दा नं. ०८०-CR-०१३७ र फैसला मिति २०८१\०३ \२८ | घुस\रिसवत लिई भ्रष्टाचार | प्रतिबादी अजय कुमार साफी भन्ने अजय रजकले घुस रिसवत लिएको आरोपमा. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.७०,०००।—(सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना हुन मागदाबी लिई सम्मानित विशेष अदालतमा आरोपपत्र दायर गरिएको | **फैसलाः**<br>प्रतिबादी अजय कुमार साफी भन्ने अजय रजकलाई सफाई दिने गरी फैसला भएको देखिन्छ ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) प्रतिबादीले अदालतमा उपस्थित भई बयान गर्दा कसूर गरेकोमा ईन्कार गरी बयान गरी उक्त ईन्कारी बयानलाई निजका साक्षीबाट समर्थित गराएको ।<br><br>ख) प्रतिबादीले रिसवत रकम स्वेईच्छाले लिएको वा लिन मञ्जुर गरेको तथ्य बस्तुनिष्ठ प्रमाणद्धारा पुष्टि भएको नदेखिदा बादी दाबी पुग्न सक्ने देखिएन ।<br><br>ग)प्रतिबादीको सङ्ग साथबाट नगद तथा चेक बरामद नभई खाली ठाउँमा फोहोर फालेको स्थानमा फालिएको अवस्थामा बरामद भएको देखिएको | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरूलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ**<br>क) आ.ब.२०७९/०८० मा मधेश प्रदेश सामाजिक विकास मन्त्रालयबाट रु.२० लाख रकम विनियोजन भई स्वीकृत भएको जिल्ला सिराहा, नवराजपुर गाउँपालिका वडा नं.१, गेरुवाहा स्थित रहेको श्री जनता आधारभुत विद्यालयको अधुरो ४ कोठे पक्की भवन निर्माण कार्यको लागि सामाजिक विकास इकाई कार्यालय राजविराज, सप्तरीमा योजना सम्झौता भई सम्पुर्ण काम सम्पन्न गरी उक्त योजनाको प्राविधिक मूल्यांकन बमोजिम समितिको बैंक खातामा रकम भुक्तानीसमेत भई सकेकोमा उक्त रकम निकाल्नको लागि सामाजिक विकास इकाई कार्यालय राजविराज, सप्तरीबाट रिलीज पेपर (खाता फुकुवा पत्र) माग गर्दा उक्त कार्यालयमा कार्यरत सब-इन्जिनियर अजय कुमार साफीले रिलीज पेपर दिए बापत भुक्तानी भएको रकमको १०% ले हुन आउने रकम रु.९१,०००/- (एकानब्बे हजार) रकम दिनुपर्छ भनेको र रकमको बार्गेनिङ गरी रु.७०,०००/- (सत्तरी हजार) रकम घुस/रिसवत नदिए रिलीज पेपर नदिने भनि धाक धम्कीसमेत दिइरहेकोले रु.१,०००/- (एक हजार) दरका निम्न नम्बर भएका ११ (एघार) थान नोटहरुले हुन आउने रु.११,०००/- (एघार हजार मात्र) र ५००/-(पाँच साय) दरका निम्न नम्बर भएका ८ (आठ) थान नोटहरुले हुन आउने रु.४,०००/- (चार हजार) गरी जम्मा रु.१५,०००/- (पन्ध्र हजार) र बाँकी रकम रु.५५,०००/- (पचपन्न हजार) को निम्न विवरण भएको चेकको व्यवस्था गरी यो निवेदन साथ उपस्थित भएको छु प्रतिबादीलाई आवश्यक कारवाही गरीपाउ भन्ने समेत व्यहोराको निवेदन परी आयोगको प्र.ना.उ मान बहादुर राई समेतको टोली खटिई निगरानी गर्दा जिल्ला सप्तरीको जन स्वास्थ्य कार्यालय राजबिराज सप्तरीको कार्यालय पूर्वपट्टी कार्यालय परिसरभित्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | फोहोरहरू फालेको स्थानमा श्री जनता आधारभुत बिद्यालयको अधुरो भवन निर्माण उपभोक्ता समिति नवराजपुर -१ को नाममा रहेको चल्ती खाताको रू ५५,०००।— को चेक र रू १०००।—का दरले थान ११ र ५००।— का दरले नोट ८ गरी जम्मा रू १५,०००।— लिएकोमा मिति २०८०।०४।०४ गते १३.५५ बजेको समयमा निजलाई नियन्त्रणमा लिन खोज्दा उक्त चेक रकम फाली फरार भएको हुँदा उक्त घुस बापतको चेक र रकम फालिएको अवस्थामा रितपूर्बक बरामद गरी पेश गरेको छौ भन्ने समेत व्यहोराको २०८०।०४।०४ को प्रतिबेदन रहे भएबाट निबेदन ब्यहोरा पुष्टि भएको देखिन्छ । यसरी उल्लेखित प्रमाणबाट प्रतिबादीले घुस रिसवत लिएको पुष्टि हुँदा हुँदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>ख) मिति २०८०।०४।०४ को बरामदी मुचुल्कामा समेत सामाजिक बिकास ईकाई कार्यालय राजबिराज सप्तरीका सव ईन्जिनियर अजय कुमार साफीले खाता फुकुवा पत्र दिएबापत उजुरीकर्ताबाट सनराईज बैंक लिमिटेड राजबिराजको शाखाको श्री जनता आधारभुत बिद्यालयको अधुरो भवन निर्माण उपभोक्ता समितिको नामको रू ५५,००००।— को चेक र रू १५०००।— नगद घुस रिसवत माग लिएकोमा अख्तियार अनुसन्धान आयोगको कार्यालयबाट खटिएको टोलीले नियन्त्रणमा लिन खोज्दा निजले उक्त रकम र चेक फालि फरार भएको हुँदा फालिएको अवस्थामा रहेको उक्त रकम र चेक बरामद भएको ठिक साचो हो भन्ने समेत ब्यहोराको राजबिराज नगरपालिकाका वडा नं. ४ को वडा सदस्य सुवाश कुमार शाहको रोहवरमा लिईएको खानतलासी बरामद मुचुल्का रहे भएबाट आरोपदावी थप पुष्टि हुन आउछ ।उक्त बरामदी मचुल्का हेर्दा निबेदकले निबेदनमा उल्लेखित नोटको नम्बर र बरामद भएको नम्बर मिले भिडेबाट समेत प्रतिबादीको अदालतमा उपस्थित भई ईन्कार गरी गरेको बयान खण्डित हुने देखिन्छ<br>ग) मौकामा कागज गर्ने जयनाथ यादव,कृष्ण कुमार यादव,दिनेश कुमार शाह कसेरा,सुभाष कुमार साह,हिरेन्द्र प्रसाद साह,शंकर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पासवान,त्रिभुवन यादव समेतले गरेको कागज र दिनेश कुमार साह समेतले मिति २०८० साल साउन ७ गते गरेको सर्जमिन मुचुल्काबाट समेत प्रतिबादी अजय कुमार साफीलाई रामभरत यादवले रकम र चेक दिएको र उक्त रकम र चेक लिईसकेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग,इटहरीको टोलीले पक्राउ गर्न खोज्दा उक्त रकम र चेक फाली उक्त स्थानबाट फरार भएको भन्ने खुल्न आउछ । यसरी मिसिल संलग्न मौकामा कागजबाट यी प्रतिबादीले रामभरत यादवबाट रू ७०,०००।—(सत्तरीहजार ) रूपैया घुस रकम माग गरी उक्त रकम र चेक बुझिसकेपछि अख्तियार दुरूपयोगको टोलीबाट पक्राउ गर्न खोज्दा रकम र चेक फाली फरार रहेको भन्ने पुष्टि हुँदा हुँदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ<br>घ) उजुरीकर्ता राम भरत यादवले मिति २०८०।०४।०४ गते आयोगको कार्यालय इटहरीमा पेश गरेको सि.डि.\डि.भि.डि. रेकर्डको स्क्रिप्ट राईटिङ हेर्दा प्रतिबादी र निबेदक बिच घुस रकमको बार्गनिङ गरेको स्पष्ट देखिन आउछ । उक्त वार्तालापमा राम भरत यादवले "हम आवै छे ( म आउदै छु ) १५ हजार छे ५५ हजारको चेक छे ( पन्ध्र हजारको नगद छ र ५५ हजारको चेक छ ) जवाफमा सव इन्जिनियर अजय रजकले ह हेते ( ल हुन्छ ) समेत व्यहोराको संबाद गरेको देखिन्छ । उक्त संबादलाई प्रतिबादीले अदालतमा बयान गर्दा समेत अन्यथा भन्न सकेको छैनन ।प्रतिबादी अजय रजक र निबेदक राम भरत यादव बीचको बार्गेनिङ को कुराकानी संलग्न भिडियो अनुसार निवेदक राम भगत यादवले "चेक लेवकी सुनु कहै छिए (चेक लिनुहुन्छ की सुन्नु ) जवाफमा अजय रजकले अफिसमे आवु( अफिसमा आउनु) निबेकले अफिसमे याव लिय अफिसमे आबैछिए ( अफिसमा आउनु ल हुन्छ म अफिसमा आउदैछु भन्ने समेत व्यहोराको संबाद गरिएको सुनिएको स्क्रिप्ट राईटिङ कागजबाट देखिन्छ र उक्त स्वर निबेदक राम भरत यादवले सनाखत गरेको देखिन्छ ।अनुसन्धानको क्रममा राम भरत यादवबाट पेश गरिएका अडियोहरू र खानतलासी ।बरामदी गर्दाको क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीले खिचेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | भिडियोहरूमा कुनै छेडखानी\सम्पादन गरिएको वा नगरिएको भन्ने बिषयमा परिक्षण गर्न आयोगको डिजिटल फरेन्सिक शाखामा पठाएकोमा " Questioned Evidence (A,Band CExamination Report :Extraction File Data integrity intact" भन्ने समेत व्यहोरा उल्लेख भई आएको देखिदा प्रतिबादीले घुस रकम माग गरेको भन्ने देखिन्छ ।<br>ङ) प्रतिबादी अजयकुमार साफी भन्ने अजय रजक मौकामा फरार रही अदालतमा उपस्थित भई बयान गर्दा निबेदकसंग घुस रिसवत माग गरेकोमा ईन्कार गरी बयान गरेपनि श्री जनता आधारभुत बिद्यालयको अधुरो भवन निर्माणको फिल्ड निरिक्षण गरी नापजाँच गरी भए गरेको कामको बिल उठाउने जिम्मेवारी रहेको कुरामा स्वीकार गरी बयान गरेका छन । उजुरकर्ताले रीसईवी लिई मलाई फसाउन झुट्टा निवेदन र बयान दिएका हुन भनी बयान गरेपनि नीजलाई फसाउनु पर्ने कारण तथा के कस्तो रीसईवी रहेको थियो भनी खुलाउन सकेको देखिदैन ।यी प्रतिबादीले उजुरीकर्ताले बिना आधार र कारण उक्त रकम माग गरेको भनी आयोगमा निबेदन दिएको भनी भन्न सकिने अवस्था समेत देखिदैन ।यी उजुरकर्ता राम भरत यादवले अदालतमा उपस्थित भई मिति २०८०।०४।०४ गते उजुरी र २०८०।६।०१ गते आयोगमा गरेको बयानलाई सनाखत गरेका छन(स.ज.) ।यी प्रतिबादी अजयकुमारले पहिला खाता फुकुवा गरिदिन भनेपछी खाता फुकुवा नगरेपछि मैले पन्ध्र हजार नगद र पचपन्न हजारको चेक अजय रजकलाई दिएपछी उक्त खाता फुकुवा भएको हो (स.ज.११) मैले अजय रजकलाई रकम दिएको हुँ (स.ज.१६) बिसलाखको सम्झौता भएकोमा पैले १० प्रतिशतले नब्बेहजार माग गरेका थिए पछि ७० हजार माग गरे मैले पचपन्न हजारको चेक र नगद रू १५०००।— दिएको हुँ(स.ज. १८) भन्ने समेतको बकपत्र गरेका देखिन्छ ।यसरी मौकाका दिएको प्रतिबेदन र मुचुल्काको व्यहोरालाई सम्मानित अदालतमा उपस्थित भई उक्त प्रतिबेदन र मुचुल्का सनाखत गरेको अवस्थामा उक्त बकपत्रलाई प्रमाणमा लिई फैसला गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला प्रमाण ऐन २०३१ को दफा १८ को प्रतिकुल रही बदरभागी रहेको छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | च) नेपाल सरकारका साक्षी मान बहादुर राईले अदालतमा उपस्थित भई मिति २०८०।०४।०४ गतेको खानतलासी बरामदी मुचुल्का र सोही मितिको प्रतिबेदनलाई सनाखत गरेका छन । बकपत्रको क्रममा जनता आधारभुत बिद्यालयको भवन निर्माणको भुक्तानीको लागी निबेदक उपभोक्ता समितिसंग घुस रिसवत मागेको सूचनाको आधारमा सामाजिक बिकास कार्यालय राजबिराज स्थित परिसरभित्र घुस रिसवत बापत रू ५५,०००।— को चेक तथा नगद रकम रू १५,०००।— लिएको अवस्थामा नियन्त्रण गर्न जादा अजय कुमार साफिले उक्त नगद र चेक फाली भागी कार्यालयको कम्पाण्ड नाघी तत्काल फरार रहेको हुँदा उल्लेखित चेक र नगद मात्र बरामद भएको हो (स.ज.७) कार्यालय पारिसर भित्र २ जना प्रहरीहरू मात्र खटिएको र निज प्रहरीहरूले प्रतिबादी अजयकुमार साफीलाई खोज्ने क्रममा कार्यालय परिसरको पर्खाल नाघी फरार भएको हो (स.ज. ९) भन्ने समेत ब्यहोराको बकपत्र गरेका छन ।यस्तै त्रिभुवन यादवले समेत अदालतमा उपस्थित भई मिति २०८०।०४।०४ गतेको खानतलासी तथा बरामद मुचुल्का सनाखत गर्दै यी प्रतिबादी सप्तरी जिल्ला जनस्वास्थ्य कार्यालयको कम्पाउण्डको पूर्बपट्टी घेराभित्रको फोहोरफाल्ने ठाउमा रू १५,०००।— र त्यसको केही पर फोहोर फाल्ने ठाउमा एकथान चेक फाली अफिसको देवालबाट हामफाली भागेको हो (स.ज.११) भन्ने समेत ब्यहोराको बकपत्रबाट समेत आरोपदावीमा उल्लेखित तथ्य समर्थित भएको छ ।सम्मानित सर्बोच्च अदालतबाट समेत भ्रष्टाचार निवारण हुन आवश्यक रहेको र राज्य व्यवस्थालाई नै जर्जर बनाउने गम्भिर अपराधिक कार्य भएकोले भ्रष्टाचार निवारणको लागी राज्यले हरसम्भव बैध(उचित) उपायहरूको प्रयोग गर्नु पर्ने( ०७४-cr-००२०) भन्ने सिद्धान्त रहेको छ ।सम्मानित अदालतबाट फैसला गर्दा प्रमाणको यथोचित मुल्यांकन बिबेचना गरी यी प्रतिबादीलाई आरोप माग दावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको उल्लेखित प्रतिपादित सिद्धान्त प्रतिकुल रही बदरभागी रहेको छ ।<br>छ) सम्मानित अदालतबाट बिशेष अदालत ऐन २०५९ को दफा ७(क) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | बमोजिम बुझिएका साक्षी सन्जिव कुमार शाहले मिति २०८०।०४।०७ गतेको घटनास्थल मुचुल्का,२०८०।०६।०१ को घटनाविवरण कागज र मिति २०८०।०४।०४ गतेको बरमदी मुचुल्का समेतको व्यहोरा सनाखत गर्दै स्वास्थ्य कार्यलायको परिसर भित्र चेक र पैसा बरामद भएको हो (स.ज.८) अजयले नै फाली फरार भएको भन्ने हल्ला सुनेको हो भन्ने समेत व्यहोराको बकपत्र गरेका छन । यस्तै हिरेन्द्र प्रसाद शाहले समेत मिति २०८०।०४।०४ को बरामदी मुचुल्का ,२०८०।०४।०७ को स्थलगत मुचुल्का र मिति २०८०।०६।१ को घटनाविवरण कागजको व्यहोरा सनाखत गर्दै वारदात स्थलबाट प्रतिबादी फरार थिए (स.ज.१२) भन्ने समेत व्यहोराको बकपत्र गरिदिएका छन । यसरी मौकामा दिएको उजुरी र गरिदिएको कागजलाई अदालतमा उपस्थित भई बकपत्र गर्दे मौकाको भनाई पुष्टि हुने गरी गरिदिएको बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी प्रतिबादीलाई आरोपदावी बमोजिम सजाय गर्नु पर्नेमा केबल प्रतिबादीको अदालतमा गरेको ईन्कारी बयानलाई मात्र आधार लिई प्रतिबादीलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेको। |